# ५ दृष्य र अदृष्य युद्ध

*यस अध्यायका प्रमुख पदहरू:* मत्ती ११:११,१२, प्रकाश ५:५, मत्ती १२:२५-२९, यशैया २७:१, मत्ती ११:१-१२, हिब्रू २:१४।

*यस अध्यायको सम्झिनुपर्ने मूल पद:* "बप्तिस्मा दिने यूहन्नादेखि अहिलेसम्म परमेश्वरको राज्यको बारेमा जोडतोडले प्रचार भइरहेको छ र त्यो राज्य द्रुतगतिले अघि बढिरहेछ तर त्यसलाई हिंस्रक मानिसहरूले आक्रमण गरिरहेको छ।" (मत्ती ११:१२ रूपान्तरित)।

प्रत्येक दिन हामीहरू महत्त्वपूर्ण निर्णय गर्दै हामीहरूको जीवन चलिरहेको हुन्छ। हामीहरूको जीवनशैली वा आचरण, हामीहरूको एक आपसको सम्बन्ध, हामीहरूको पेशा, हामीहरूलाई मन पर्ने वा अत्यावश्यक के हो त्यसमा आँखा लगाउने बानीमा, कसरी रमाइलो गर्ने र कस्ता कस्ता साथीहरूको साथमा हामीहरू हिंड्ने आदि जस्ता स्वविवेकको निर्णयहरू समावेश भएका हुन्छन्। हामीहरूले गर्ने निर्णयहरू हामीहरूको निम्ति कतिको महत्त्वपूर्ण छ भनेर राम्ररी बुझ्न यथार्थमा तिनीहरू के हुन् भनेर थाहा पाउन जरुरी हुन्छ। अदृष्य शक्तिहरूले हामीहरूलाई अत्यन्त ठूलो प्रभाव पारिरहेको हुन्छ भनेर बाइबलले हामीलाई ठम्याउँछ। त्यसकारण हामीहरूले नदेखोस् भनेर संसारले लगाइरहेको पर्दा खोल्नु आवश्यकता छ ताकि ती अदृष्य शक्तिहरू के हुन् भनेर हामीमा जानकारी होस्।

मानिसहरूले जतिसुकै नदेखिने शक्तिलाई नदेखि विश्वास गर्दैनौं भनेर जिकिर गरेतापनि आजको वैज्ञानिक युगमा त्यो जिकिरको कुनै मूल्य नभएको पाइएको छ। एक्स-रे, रेडियोका तरङ्गहरू र बिना तारको बिद्युतीय संचारहरूलाई नदेखेतापनि हामीहरूले सजिलैसँग विश्वास गर्दछौं। प्रत्येक पल्ट हामीहरूले जब मोबाइलमा कुरा गर्छौं, साटलाइट वा भुउपग्रहको माध्यमबाट हामीले हेर्ने टेलिभिजन प्रसारणहरूहरू हेर्छौं र सुन्दछौं, तिनीहरूलाई सक्रिय गराउने उर्जा वा शक्तिहरूलाई हामीहरूले नदेखेतापनि तिनीहरूको क्रियाकलापहरूको अस्तित्वलाई विश्वास गर्न र अनुभव गर्न हामीहरू वाध्य हुन्छौं। त्यसै गरि अदृष्य येशू ख्रीष्ट र शैतानको बीचमा चर्को युद्ध भइरहेको हामीहरूले चोतर्फी अनुभव गरिरहेका छौं। संसारमा हामीहरूले देखिने

चर्तिकलाले नदेखिने शक्तिहरूको सक्रियतालाई दैनिक जीवनमा अनुभव गरिरहेका हुन्छौं। यस अध्यायमा मत्ती र बाइबलका अरू पुस्तकहरूबाट केही अंशहरूलाई हेर्नेछौं जसले ती अदृष्य शक्तिहरू के हुन्, तिनीहरूले हामीहरूको दैनिक जीवनमा कसरी प्रभाव पारिहरेका छन् र साथै हामीहरूले गर्ने प्रत्येक निर्णयमा तिनीहरूले कसरी घचघच्याउँछन् भन्ने जानकारी दिन्छन्।

## १. मत्ती ११:११,१२ ४४

पवित्र धर्मशास्त्र बाइबल परमेश्वरको वचन हो। यसमा मानिसको निम्ति उपलब्ध गराइएको मुक्तिको योजना स्पष्टरूपमा कोरिएको छ। हामी मानिस भएको कारणले कतिपय पदहरूलाई बुझ्न सान्हो पर्न सक्छ। तर त्यसले हामीलाई छक्क पार्न दिनुहुन्न किनभने प्रकृतिमा पनि कतिपय पक्षहरू छन् जुन् हामीले बुझ्न सक्दैनौं। त, झन हामीहरूको आत्मिक र स्वर्गका सत्यहरू बुझाउन खोज्ने परमेश्वरको वचनको प्रत्येक पक्ष बुझ्न नसकेकोमा हामीलाई छक्क पार्नु हुन्न। यो धारणालाई एलेन जी ह्वाइटले स्पष्टरूपमा व्याख्या गरेका छन्: "मानव जीवनको अत्यन्त तल्लो तह वा रुपमा हुने समस्या महान् बुद्धिमानी दार्शनिकहरूले व्याख्या गर्न सक्दैनन्। जताततै हामी हेर्छौं त्यहाँ हामीहरूको दिमागको पहुँचभन्दा बाहिरका कुराहरू छन् जुन् हामीले बुझ्न सक्दैनौं। आत्मिक जगतमा पनि कतिपय रहस्यहरू छन् जुन् हामीले बुझ्न सक्दैनौं, के त्यसले हामीलाई अन्यौलमा पार्नुपर्छ र? प्रकृतिका सबै अथाह रहस्यहरू बुझ्न नसक्नुहो कारण हामीहरूको मानव दिमागको साँगुरोपना र कमजोरीले हो। हामीलाई चाहिने परमेश्वरको चरित्रको बारेमा उहाँले बाइबलबाट एथेष्ट प्रमाणहरू जुटाइदिनुभएको छ। परमेश्वरको अगुवाईमा सम्मिलित भएका कतिपय रहस्यहरू हामीले बुझ्न सक्दैनौं भन्दैमा उहाँको वचनलाई शङ्का गर्नुहुन्न।" स्टेप्स टु क्राइस्ट, १०६,१०७बाट रूपान्तरित।

उदाहरणमा हामीलाई सबभन्दा धेरै चुनौति दिने बाइबलका पदहरूमा मत्ती ११:११,१२ एक हो जसमा लेखिएको छः "म जे भन्न गइरहेको छु सो सत्य छ। बप्तिस्मा दिने यूहन्ना भन्दा अत्यन्त सम्माननीयय वा महत्त्वपूर्ण व्यक्ति यस संसारमा जन्मेको छैन। तर परमेश्वरको राज्यमा सबभन्दा कम महत्त्व वा आदरको व्यक्ति बप्तिस्मा दिने यूहन्नाभन्दा अत्यन्त आदरणीय वा महत्त्वपूर्ण व्यक्ति हुन्छ। बप्तिस्मा दिने यूहन्नाको दिनदेखि परमेश्वरको राज्यको बारेमा

**सुसमाचार जोडतोडले प्रचार भएर अघि बढिरहेको छ। तर हिंस्रक वा बलमा चल्ने मानिसहरूले त्यसलाई आफ्नो काबुमा राख्न खोज्दछ।" (रूपान्तरित)।**

उपरोक्त पदमा येशूले के भन्न खोजिरहनुभएको छ? त्यसमा तपाईंले के बुझ्नुहुन्छ र के बुझ्न सक्नुहुन्न?

**त्यस १२ पदलाई कुनै कुनै अनुवादकले यसरी अनुवाद गरेको पाइन्छः "बप्तिस्मा दिने यूहन्नादेखि वर्तमान समयमा परमेश्वरको राज्य अत्यन्त जोडतोडले अघि बढिरहेको छ, र हत्याहिंसा गर्न मनपराउने मानिसहरूले त्यस राज्यलाई आक्रमण गरिरहेका छन्।"**

**यहाँ येशूले हामीलाई के भन्न खोजिरहनुभएको छ?**

हामीहरूको दैनिक जीवनमा कस्ता कस्ता रहस्य कुराहरू छन् जुन् हामीले बुझ्न सक्दैनौं? सूर्यको बारेमा धेरै रहस्यहरू छन् जुन् हामीले बुझ्न सक्दैनौं भन्दैमा के सूर्यलाई विश्वास गर्न छोड्ने त? (हावामा हामी विश्वास गर्छौं तर हावाको रङ्ग कस्तो छ के हामीलाई थाहा छ?) प्राकृतिक कुराहरू त हामीले कति बुझ्न सक्दैनौं भने विश्वास, आस्था र परमेश्वरको वचनको बारेमा सबै बुझ्नै पर्छ भनेर के हामी जिकिर गर्न सक्छौं?

## २. अन्धकारका सिमानाहरू (मत्ती १०:३४)

**मत्ती ११:१२को सन्दर्भमा बाइबलको चिन्तकहरू युगौं युगसम्म त्यहाँ लेखिएको भनाईको तात्पर्य के हो सो बुझ्न संघर्ष गरिरहेका छन् किनभने त्यसमा उल्लेख गरिएका परमेश्वरको राज्य र मानिसहरू भन्ने शब्दहरूलाई मानिसहरूले सकारात्मक वा नकारात्मक रूपमा प्रयोग गर्न सक्छन्। त्यहाँ उल्लेख गरिएको शब्द ग्रीक भाषाको बास्मटी (basmati) हो। त्यसको अर्थ ×जोडका तोडले अघि बढिरहेको" वा ×हिंसाको चपेटमा परेको" हो। ग्रीक भाषाको बियस्टिस (biastes)को अर्थ ×अति महत्वाकाँक्षा वा उत्सुक मानिसहरू" वा "हिंसा वा अरूलाई खतम गर्न चाहने मानिसहरू" भनेर जनाउँछ।**

**त्यसकारण त्यस पदको पक्का अर्थ के हो त? के स्वर्गको नम्र र नरम राज्य हिंसाको चपेटमा परेको छ र हिंसाप्रद मानिसहरूले त्यसमाथि आक्रमण गरिरहेको छ? वा के स्वर्गको राज्य जोडकातोडले सकारात्मक तरिकाले अघि बढिरहेको छ र बलिया मानिसहरूले जो यथार्थमा ख्रीष्टका भक्तहरू हुन् पकडिरहेकाछन्? के परमेश्वरको राज्यलाई द्रुतगतिमा अगाडि बढाइरहन ख्रीष्टका भक्तहरू सुरो वा बलिया हुने सम्भव भएको छ?**

उपरोक्त प्रश्नलाई केही हदसम्म बुझाउन देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले के भन्न खोजिरहेका छन्? हेर्नुहोस्: मत्ती १०:३४ "म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नठान। शान्ति ल्याउन होइन, तर तरवार चलाउनलाई म आएको हुँ।", प्रकाश ५:५ "तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" र मीका २:१३ "बाटो बनाउनुहुने तिनीहरूका अगि जानुहुनेछ। तिनीहरूले ढोका भत्काएर बाहिर निस्केर जानेछन्। तिनीहरूका राजा तिनीहरूका अगाड़ि जानेछन्। परमप्रभु तिनीहरूका अगिअगि हुनुहुनेछ'।"

**मत्ती ११:१२लाई व्याख्या गर्न अत्यन्त प्रयोग गरिएको शब्द बिएजोमाई (biazomai) जसको अर्थ हो सकारात्मक र बियस्टस् (biastes) जसको अर्थ नकारात्मक हो सो प्रयोग गर्न उपयुक्त छन् भनेर कतिपयले तर्क गरेका छन्। यदि यस तर्कलाई हामीले मान्यौं भने त्यस पदको अर्थ यो हुनसक्छः "पवित्र शक्ति र तेजस्वीमय उर्जा वा महान् बल। ती तत्वहरूले अन्धकारका सिमानाहरूलाई पछि पछि धकेलिरहका छन्। तर जब यो क्रिया भइरहन्छ तब हिंस्रक तथा नाश गर्न चाहने मानिसहरूले त्यसलाई लुट्न खोजिरहेका हुन्छन्।"डी.ए. कार्सन्, द एक्स्पोजिटर्क बाइबल कमेन्टरी विथ द न्यु इन्टरनाशनल भर्जनः मत्ती (ग्रान्ड रापिडस्: जोन्डरभान, १९९५), पृ. २६६,२६७बाट रूपान्तरित। यदि उपरोक्त तर्कलाई हामीले मान्यौं भने मत्तीको पुस्तकमा सुसमाचारको बारेमा उल्लेख गरिएको बिषयबस्तुको ठूलो चित्रप्रति आकर्षित हुनसक्छौं। त्यो चित्र हो ज्योति र अन्धकारको बीचमा र ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् युद्ध। यो बिषयबस्तु बाइबलमा जतातत्तै पाइन्छ। तर नयाँ करारमा त्यसलाई अत्यन्त स्पष्टरूपमा व्याख्या गरिएको छ। दृष्य र अदृष्यको बीचमा महान् संग्राम भइरहेको छ। त्यस संग्राममा हामी सबै कुनै न कुनै तवरले मुछिरहेका छौं। ती दुईको कि त एक वा अर्को पक्षमा हामी उभिरहेका हुन्छौं। अदृष्य शक्तिहरूको बीचमा कस्तो युद्ध भइरहेको छ भन्ने सबै कुरा हामीले नबुझेतापनि हामीहरूको दैनिक जीवनको प्रत्येक पलपलमा भोगिरहेका हुन्छौं।**

## ३. ख्रीष्ट र शैतानको बीचमा भइरहेको विश्वव्यापी युद्ध (मत्ती १२:२५२९)

**मत्ती ११:१२ बुझ्न हामीलाई कति कठिन छ भनेर हामीले अघिल्लो बुँदामा हेऱ्यौं। तर त्यस पद बुझ्न जतिसुकै कठिन भएतापनि ख्रीष्ट र येशूको बीचमा भइरहेको युद्ध मनगढन्ते वा पौराणिक कथा नभएर साँच्चिकै कसरी हो भनेर खुलाउन त्यस पदले बुझाउन खोज्दछ।**

हो, ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् युद्ध कुनै ऋषीमुनीले कुटीमा बसेर कल्पना गरेर लेखेको नभइ यथार्थमा हिजो चलेको थियो, आज पनि चलिरहेको छ र येशूको दोस्रो आगमन नहुञ्जेल चलिरहनेछ भनेर देहायका पदहरूले कसरी खुलासा गरेका छन्, हेर्नुहोस?ः मत्ती १२:२५-२९ " २५ तर उहाँले तिनीहरूको विचार थाहा पाएर तिनीहरूलाई भन्नुभयो, “आपसमा फूट परेको हरेक राज्य उजाड पारिनेछ, र हरेक सहर अथवा परिवार आफ्नै बीचमा फाटो पऱ्यो भने टिक्नेछैन। २६ यदि शैतानले शैतानलाई निकाल्दछ भने, त्यो आफ्नै विरुद्ध विभाजित हुन्छ, र त्यसो भए त्यसको राज्य कसरी टिक्न सक्छ? २७ यदि मैले बालजिबुलद्वारा भूतहरू धपाउँछु भने, तिमीहरूका छोराहरूले चाहिँ कसद्वारा ती निकाल्दछन्? यसकारण तिनीहरू नै तिमीहरूका न्यायकर्ता हुनेछन्। २८ तर यदि परमेश्वरका आत्माद्वारा म भूतहरू धपाउँछु भने परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ। २९ “पहिले बलियो मानिसलाई नबाँधिकन, त्यसको घरभित्र पसेर कसले त्यसको धनमाल लिएर जान सक्छ? त्यस बलियो मानिसलाई बाँधेपछि मात्र त्यसको घर लुट्न सक्छ।", यशैया २७:१ " त्यस दिन परमप्रभुले आफ्नो डरलाग्दो, शक्तिशाली र ठूलो तरवारले त्यो सुल्कने सर्प, लिव्यातन्, त्यो गुँडुली बस्ने सर्पलाई दण्ड दिनुहुनेछ। उहाँले समुद्रको विशाल अजिङ्गरलाई मार्नुहुनेछ।", १ यूहन्ना ५:१९ " हामी जान्दछौं, हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ।", रोमी १६:२० "शान्तिका परमेश्वरले चाँडै नै शैतानलाई तिमीहरूका खुट्टामुनि कुल्चनुहुनेछ। हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूसँग रहोस्।", उत्पत्ति ३:१४-१९ " १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, “तैंले यसो गरेको हुनाले, “तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।” १६ स्त्रीलाई उहाँले

भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्रो पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैंले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछस्। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ तिमी माटै हो र तिमी माटैमा फर्किजानेछौ।", एफिसी २:२ "यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ।" र एफिसी ६:१०-१३ "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक्षम् होओ, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।"

**माथिका पदहरू केवल केही मात्र हुन्, त्यस्ता पदहरू दुवै पुरानो र नयाँ करारमा जताततै फैलिएका छन्। उपरोक्त धारणालाई एक जना बर्तमान बाइबलका चिन्तकले "विश्वको आँखाले बुझ्नुपर्ने अदृष्य युद्ध" भनेर सम्बोधन गरेका छन्। उपरोक्त धारणाको केन्द्रविन्दुमा कसमोस वा जगतमा अपार शक्तिहरू छन् जसको बीचमा भयङ्कर संग्राम भइरहेको छ भनेर देखाएको छ। पृथ्वी पनि जगतको एक भाग भएकोले उपरोक्त संग्राममा हामी कुनै न कुनै तवरले अर्थात् पक्षमा होस् वा विपक्षमा होस् समावेश भइरहेका हुन्छौं। हुनत, त्यो धारणा वर्तमान सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति कुनै नयाँ होइन। हाम्रो चर्चको सुरूदेखि नै हामीहरूले सिकाउने बाइबल ज्ञानको एक भाग भइरहेको छ। हाम्रो चर्चको स्थापना हुनुभन्दा पहिलेदेखि नै हामीहरूको पूर्वज तथा अग्रजहरूले त्यो धारणालाई आत्मसात् गरेका थिए।**

तपाईँको व्यक्तिगत जीवनमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्धको अनुभवको महसुस के गरिरहनुभएको छ? तपाईँले सामना गर्नुपर्ने परिक्षा वा प्रलोभनहरूमा गरिनुपर्ने निर्णयहरूमा त्यस युद्धको भूमिका कस्तो भइरहेको छ? यो युद्ध मनगढन्ते वा दन्त्यकथा नभएर हामीहरूको वरिपरि भइरहेको हामी देखिरहेका छौँ। त्यस तथ्यलाई बुझेर उचित तथा ठिक निर्णय गरेर शैतानको फन्दामा नपर्न तपाईँ कसरी सचेत हुने?

## ४. जब ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्ध अत्यन्त फोहरी हुन्छ (मत्ती ११:११२)

**मत्ती ११:१२मा परमेश्वरको राज्य त्यसै सहज तरिकाले स्थापना हुँदैन भनेर येशूले व्यक्त गर्नुभएको अनुसार त्यसको निम्ति संघर्ष वा लडाइँ गरेर मात्रै स्थापना हुनेछ भनेर हामी बुझ्नु पर्छ। त्यो लडाइँलाई महान् बिवादको युद्ध (द ग्रेट कन्त्रोभर्सी) भनिन्छ। शैतानको पतन भएदेखि त्यो युद्ध चलिरहेको थियो र अहिले पनि चलिरहेको छ। त्यो युद्ध शैतान र उसका मतियारहरूकोपतित स्वर्गदूत र उसको पक्षमा उभिएका दुष्ट मानिसहरू अन्त नहुञ्जेल जारि रहनेछ। बेला बेलामा त्यो युद्ध अत्यन्त फोहरी भएको थियो भने अझ पनि भइरहेको पाइएको छ।**

**येशूले मत्ती ११:१२मा व्यक्त गर्नुभएकै अनुसार उहाँको र शैतानको बीचमा भइरहेको महान् बिवादले निम्त्याएको संघर्षको यथार्थतता हामी यत्रतत्र सर्वत्र हेरिरहेकाछौँ र भोगी रहेका छौँ।**

तपाईँको वरिपरि त्यो बिबादको युद्ध जारी भइरहेको तपाईँले देख्नुपरेको वाध्यताले त्यो संघर्ष काल्पनिक वा मनगढन्ते पौराणिक कथा नभएर साँच्चिकै हुन् भनेर मत्ती ११:११२ले कसरी बुझाउँछ? हेर्नुहोस्ः "१ आफ्ना बाह्रै चेलाहरूलाई आदेश दिइसक्नुभएपछि येशू त्यहाँबाट तिनीहरूका सहरहरूमा सिकाउन र सुसमाचार प्रचार गर्नलाई जानुभयो। २ यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए, ३ "के आउनेवालाचाहिँ तपाईं नै हुनुहुन्छ, कि हामीहरू कोही अर्काको प्रतीक्षा गरौं?" ४ येशूले तिनीहरूलाई भन्नुभयो "तिमीहरूले सुनेका र देखेका कुराहरू यूहन्नालाई भनिदेओ, ५ अन्धाहरूले दृष्टि पाउँछन्, र लङ्गड़ाहरू हिँड्दछन्। कुष्ठरोगीहरू शुद्ध पारिएका छन्। बहिराहरू सुन्न सक्ने भएका छन्। मरेकाहरू जीवित भई उठेका छन्, र दरिद्रहरूलाई सुसमाचार

प्रचार गरिँदैछ। ६ धन्य हो त्यो, जसले मबाट बाधा पाउँदैन।" ७ अनि तिनीहरू गएपछि येशूले यूहन्नाको विषयमा भीड़लाई भन्न लाग्नुभयो, "तिमीहरू उजाड-स्थानमा के हेर्न निस्क्यौ? के बतासले हल्लाइराखेको निगालोलाई? ८ तब तिमीहरू किन निस्क्यौ? के नरम पोशाक धारण गरेको मानिसलाई हेर्न? नरम पोशाक लाउनेहरू त राजाहरूका भवनमा बस्छन्। ९ तिमीहरू किन निस्क्यौ त? के अगमवक्ता हेर्नलाई? हो, म तिमीहरूलाई भन्दछु, अगमवक्ताभन्दा पनि महान् व्यक्तिलाई। १० यिनी तिनै हुन् जसको विषयमा धर्मशास्त्रमा लेखिएको छ, 'हेर, म आफ्नो दूतलाई तिम्रो अगिअगि पठाउँछु, जसले तिम्रो सामुन्ने तिम्रो मार्ग तयार गर्नेछ।' ११ साँच्चै, म तिमीहरूलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरूमा बप्तिस्मा-दिने यूहन्नाभन्दा महान् अरू कोही भएको छैन। तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा महान् हो। १२ बप्तिस्मा-दिने यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोड़ले अगि बढ़िरहेको छ, अनि शक्तिशाली मानिसहरू बलजफतीसँग यसलाई पक्रन्छन्।"

येशूको बारेमा प्रचार गर्ने र भविष्यवाणी बोल्ने बप्तिस्मा दिने यूहन्नालाई शासकवर्गहरूले झ्यालखानामा हाल्न कस्ले उक्साए होलान् त? यूहन्नाले येशूमाथि विश्वास नगरून् र उनि निरुत्साहित हुन् भनेर शैतानले चालेको भूमिका हामी यहाँ छर्लङ्ग देख्छौं। यदि बप्तिस्मा दिने यूहन्ना जस्तो निष्कलङ्क व्यक्ति त झ्यालखानामा पर्नुपर्‍यो भने येशूको निम्ति जिइने आशा के थियो त?

अनि येशूका र यूहन्नाका चेलाहरूलाई येशूप्रति शङ्का गर्न देहायको प्रश्न मनमा उब्जाउने काम शैतानको खेलेको थियो भन्ने कुरामा शङ्का गर्न आवश्यक देखिँदैनः *अनेकौं अचम्मका कामहरू गर्न सक्ने र महान् शक्तिले सम्पन्न येशूले उहाँको बफादार र असल काका यूहन्नालाई त्यस कालकोठरीमा आफ्नो जीवन बरबाद गर्न किन तुलुतुलु हेरेर बस्नुभयो?*

के यूहन्नाको दिमागमा शैतानले येशूप्रति शङ्का रोपी दिएन होला? *म यहाँ किन छु? येशूले मलाई किन छुटाउनु हुन्न?* त्यसैकारणले त यूहन्नाले आफ्ना चेलाहरूमार्फत येशूलाई सोध्न पठाए, "के आउनेवाला ख्रीष्ट तपाईं नै हुनुहुन्छ कि हामी अरूलाई नै पर्खौं?" (मत्ती ११:३ रूपान्तरित)। याद गर्नुहोस्, यूहन्ना त्यही व्यक्ति थिए जसले येशूलाई बप्तिस्मा दिँदा उहाँमाथि पवित्र आत्मा ढुकुरको रूपमा अवतरण गरेका उनले देखेका थिए (मत्ती ३:१६)। स्वर्गबाट आकाशवाणी भएको आवाज पनि उनै यूहन्नाले सुनेका थिएः "यिनी मेरा प्रिय पुत्र हुन्, जो देखि म अति प्रशन्न छु" (मत्ती ३:१७ रूपान्तरित)। अब ती सबैको

बाबजुद पनि यूहन्नाले येशूप्रति शङ्का गर्न थालेका थिए। उनको त्यतिमात्र समस्या नभएर अझ गम्भिरमा उनि फस्नुपरेको थियो, जसले गर्दा झन शङ्काहरूले निरन्तरता पाएका थिए (हेरोद राजाको रक्त पिपासु रानीले यूहन्नाको शिर थालमा राख्न लगाएकी थिइन्। मत्ती ६:२५-२८)।

के तपाईंले पनि येशूलाई शङ्का गर्न आफ्नो दिमागमा ठाउँ दिइरहनुभएको छ? यदि छ भने तपाईं के गर्न सक्नुहुन्छ जसले गर्दा त्यो शङ्कालाई दिमागबाट तपाईंले घचेटिदिन सक्नुहुनेछ? धर्मशास्त्र बाइबलमा परमेश्वरका धेरै अचम्मका प्रतिज्ञाहरू छन् र तपाईंले गर्न सक्ने प्रार्थनाका नमुनाहरू छन्। तिनीहरूलाई आत्मसात् गरेर के तपाईंले परमेश्वरको असल चरित्रप्रति तपाईं भरोसा राख्न सक्नुहुन्न र?

## ५. शैतानले हार्नुपर्ने युद्ध (हिब्रू २:१४)

अदनको बँगैचामा शैतानले हस्तक्षेप गरेपछि विश्वको मानव इतिहासमा मानव जगत कुनै न कुनै प्रकारले युद्धमा होमी रहेको छ। मानव स्वभावमा केही न केही छन् जसले गर्दा एक को सम्पत्ती अरूले चोर्ने, एक आपसमा दमन गर्ने, एकले अर्कोलाई आतङ्कित बनाउने र मार्ने जस्ता प्रवृत्तिहरूले बाहुल्यता पाइरहेका छन्। ती व्यक्ति व्यक्तिमा मात्र सिमित नरहेर समूहमा पनि चालुरहेकाछन्। बिलायतको प्रख्यात दार्शनिक बर्तेन्द्र रसेलको छोरी क्याथरिन टेटले आफ्नो बुबाको बारेमा एउटा पुस्तक लेखेकि थिइन्। जब प्रथम् विश्व युद्ध सुरूभयो तब उनको बाबुले त्यसप्रति अत्यन्त चिन्तित भएका थिए। जब बेलायतीहरूले जर्मनीहरूसँग युद्ध सुरू गरे तब तिनीहरू बिलायतका सडकहरूमा मानिसहरू हर्षले जुलुस निकालेका थिए। क्याथरिनले आफ्नो बाबुको भावनालाई व्यक्ति गर्दै लेख्छिन् "महारानी भिक्टोरियाको समयदेखि सारा संसार आफ्नै समयमा झन झन असल बाटोमा लम्किनेछ भन्ने धारणमा मेरो बुबा हुर्कनुभएको थियो। तर जब अचानक आफ्नै प्रिय देशका मानिसहरूले जर्मनका आफ्नै जातका धेरै मानिसहरूलाई मार्न पाउने कदम चाल्दा खुशी भएको देख्दा उनि अत्यन्त चिन्ति भएका थिए। उनि पनि जर्मन भाषा बोल्दथे।"-माई फादर बर्तेन्द्र रसेल (इन्गलान्डः थोमस प्रेस, १९९७) पृ. ४५बाट रूपान्तरित। संसारको इतिहासमा पतित मानिसहरूले आफ्ना स्वभावहरू देखाउँदै अरूको संहारमा रमाउने चलन अझै पनि जारी नै छ।

मानिसहरूले गर्ने प्रायजसो युद्धहरूमा त्यसको नतिजा के हुने छ भनेर कसैलाई थाहा हुँदैन। जब युद्धमा मानिसहरू जान्छन् तिनीहरू जित्छन् कि हार्छन् भनेर थाहा हुँदैन।

तर हामीहरूको यस जगतमा चलिरहेको युद्धको महान् मानचित्रलाई नियालेर हेर्न दिएको परिवेशमा त्यसको नतिजा के हुनेछ भनेर हामीहरूले थाहा पाउने अवसर पाएका छौं। ती युद्धमा को जितिसकेको छ भनेर हामीलाई थाहा छ। हामीहरूको निम्ति येशूले अत्यन्त ठूलो बिजय प्राप्त गरिसक्नुभएको थियो। क्रुसको घट्ना पछि युद्धमा को बिजयी भएर निस्कियो र त्यस बिजयको फल कसकसले चाख्न पाउनेछन् भन्ने कुराको प्रश्न सदाको निम्ति ठन्क्याइसकेको हामी पाउँछौं। शैतानको लक्ष्य यथार्थमा हारिने लक्ष्य हो भनेर बाइबलले खुलासा गरेको छ।

येशू र शैतानको बीचमा भइरहेको महान् बिबादको अन्त्य निश्चित छ तर त्यस अन्त्यको निर्णायक नतिजा के हुनेछ भनेर देहायका केही पदहरूले कसरी खुलासा गर्छन्? हेर्नुहोस्ः हिब्रू २:१४ "किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्।", १ कोरन्थी १५:२०-२८ "२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। २७ “किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।” तर यो स्पष्ट छ, कि “सबै कुरा उहाँको अधीनमा राखिएको छ” भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो। २८ जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा

राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्।", प्रकाश १२:१२ "यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय थोरै छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" र प्रकाश २०:१० "तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।"

स्वर्गमा शैतान र उसका मतियार पतित स्वर्वदूतहरूले परमेश्वरसँग युद्ध गर्दा त्यो युद्ध तिनीहरूले हारेका थिए। जब येशू यस संसारमा आउनुभयो र उहाँलाई हराउन शैतानले भरमग्दुर प्रयास गऱ्यो तब त्यसमा पनि शैतान हारिन पुगेको थियो। यद्यपि, शैतान घृणाले चुर भएर येशूका अनुयायीहरूलाई नाश गर्न खोजिरहन्छ (१ पत्रुस ५:८)। ख्रीष्टको बिजयले पूर्णता त पाएको छ तर शैतानले खेलिरहने युद्ध जारी नै भइरहेको हामी पाउँछौं। तर त्यस युद्धमा हामी जोगिन चाहन्छौं भने हामीहरूको निम्ति एउटै उपाय छ, त्यो हो हामी बिजयी हुनुभएको येशूको पक्षमा हामीहरूको सम्पूर्ण जीवन उहाँमा सुम्पेर जिऔं। हामीहरूको शरीर, दिमाग, आत्मा वा जोश जाँगर उहाँको छत्रछायाँमा राखिछोडौं। दिनदिनै र पल पलमा हामी निर्णय गरेर चल्छौं तब हामी कसको पक्षमा उभिएर हामी निर्णय गरिरहेकाछौं भनेर हाम्रो जीवनले देखाइरहेको हुन्छ। के हामी बिजयी येशूको पक्षमा उभिएर निर्णय गरेर चलिरहेकाछौं ताकि अन्तमा हामीहरूको पनि बिजय सुनिश्चित भएको हुन्छ? वा हामी हारिएको पक्षमा होमीरहेकाछौं जसमा हाम्रो हारिने अवस्था टुङ्ग्याइसकेको छ? हामीहरूको बर्तमानमात्र होइन भविष्यको जीवन त्यस प्रश्नको जवाफमा झुण्डिरहेको छ। सोच्नुहोस्।

## उपसंहारः

थप जानकारीः येशू र शैतानको बीचमा भइरहेको चर्को युद्ध मनगढन्ते नभएर साँच्चिकै हो भने हामी मध्ये कसलाई थाहा छैन होला र? यो युद्ध हामीलाई थाहा छ किनभने त्यो हामीहरूकै भित्र दिनदिनै चलिरहेको हुन्छ। हामी टुक्रा टुक्रा भएको संसारमा छौं। दुःख, पिडा, आतङ्क तथा चिन्ताले भरिभराउ भएको संसारमा हामी पौडिखेलिरहेकाछौं। हामी त्यस संसारमा छौं जहाँ सर्प रूपी शैतान केवल बगैंचाको बीचको एउटा रुखमा मात्र बेरिएर बसेको छैन। तर हामी

त्यस संसाररुपी त्यस बगैंचामा छौं जहाँ सर्पै सर्पहरूले ढाकिएको छ। त्यस संसारमा हामी छौं जहाँ शैतानले अनेक तरिका वा आवाजहरूबाट प्रलोभनै प्रलोभनमा फस्न ढकेलिरहेको हुन्छ। यदि हामी चनाखों भएनौं, परमेश्वरका विश्वास राखेर चलेनौं र प्रार्थनामा तल्लिन भएनौं भने शैतानको जालोमा हामी सजिलैसँग पर्नेछौं। त्यसैकारण "चनाखो भएर बस र प्रार्थना गर" भन्ने येशूले भन्नभएकोमा हामी छक्क पर्नुपर्दैन। पाप र शैतानको धरापमा हामी परेको येशूको चाहना होइन। शैतानले ल्याउने अनेकौं किसिमको धरापहरूमा क्रिश्चियनहरूको सामु पनि ठडयाउने अत्यन्त खतरामूलक धरापचाहीँ यो हो, "जब तिमी पाप गर्‍यौं वा प्रलोभन तथा परिक्षामा पर्‍यौ, अब तिम्रो निम्ति केही आशा छैन। तिमी धेरै गिरिसकेका छौ। संसारमा कुनै अनुग्रही परमेश्वर छैन जसले तिमीलाई आफ्ना हातहरूले अङ्गालो मार्दै आफ्नो प्रेमको छातीमा राख्दछ।" शैतानको त्यो हामीलाई खसाल्ने आवाज कुनै न कुनै समयमा हामीमध्ये कसले सुनेका छैनौं र? हुन त त्यो आवाज सुन्नु ठिकै हो। जब तपाईं शैतानको प्रलोभन वा परिक्षामा पर्नुहुन्छ तपाईं खस्किसक्नुभएको हुन्छ। तपाईंको आफ्नै प्रयासले सुधार्न सक्नुहुन्न। त्यसैकारण येशू आउनुभयो। हाम्रो निम्ति उहाँले बिजय पाउनुभयो जहाँ हामी असफल भएका थियौं। त्यो बिजयी जीवन उहाँले हामी सबैलाई दिन चाहनुहुन्छ। हाम्रो निम्ति दिएको सुसमाचारको सम्पूर्ण निचोड नै यो होः येशू र शैतानको बीचमा भइरहेको महान् बिबादको युद्धमा येशूले जित्नुभएको छ जुन् हामीले जित्न सक्दैनौं। तर दिनदिनै, पल पलमा, घन्टा घन्टामा हामी निर्णय गरेर चल्नु पर्छ। हामी उहाँको पक्षमा उभिरहनैपर्छ। उहाँको वचन पढेर, ती बचनहरूलाई आत्मसात् गरेर, पालन गरेर र उहाँका प्रतिज्ञाहरूलाई दावी गरेर चल्दा हामी उहाँको पक्षमा छौं भनेर प्रमाणित गर्छौं। बिजयी जीवन रहन परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छ। हामीहरूको जीवनको सम्पूर्ण समय नै उहाँलाई दिएर हाम्रो मुक्तिको निम्ति उहाँले के गर्नुभयो त्यसमाथी भरोसा राखेर चल्नुको बिकल्प अरू केही नभएको हामी ठान्नुपर्दछ।

**चिन्तनमनन:**

अ. हामीले नदेख्ने केही अदृष्य कुराहरू के के छन् जसको अस्तित्वलाई हामी नकार्न सक्दैनौं? त्यसले गर्दा संसारको अदृष्य शक्तिहरूको बीचमा भइरहेको युद्ध काल्पनिक होइन साँच्चिकै हो भनेर बुझाउन

हामीहरूको आत्मिक आँखा खोलाउन कसरी सहयोग गर्दछ? नदेख्ने कुराहरूको अस्तित्वले गर्दा येशू र शैतानको बीचमा भइरहेको युद्ध साँच्चिकै हो भन्ने आत्मज्ञानलाई कसरी बुझाउँछ?

**आ.** कतिपय क्रिश्चियनहरूलाई येशू र शैतानको बीचमा भइरहेको महान् बिबादको युद्धको बारेमा जानकारी छैन। त्यो युद्धलाई तिनीहरूले नदेख्ने कारण के होला? त्यसको बिपक्षमा तिनीहरूले कस्तो तर्क तपाईंहरूको सामु फ्याँक्न खोज्छ होला? तिनीहरूलाई तपाईंले कस्तो जवाफ दिनुहुन्छ? यदि येशू र शैतानको बीचमा भइरहेको युद्धको बारेमा तपाईंले कसैलाई बाइबल अध्ययन दिनुहुन्छ भने तपाईंले कुन् कुन् पदहरू प्रयोग गर्नुहुनेछ?

**इ.** क्रुसमा येशूले शैतानसँगको युद्धमा जित्नुभएको त्यतिका वर्ष भइसक्यो तै पनि हामी यहाँ किन छौं भन्ने जिज्ञासालाई तपाईंले कसरी जवाफ दिनुहुन्छ? उहाँको मृत्यु र पुनरुत्थान पछि र स्वर्गमा जानुभएपछि उहाँ किन यस संसारमा अहिलेसम्म आउनुभएको छैन र शैतानलाई सदाको निम्ति नाश गर्नुहुन्न?